# झापा-१ : घरदैलोमा व्यस्त ८३ वर्षीय उम्मेदवार हिरण्यप्रसाद

झापा । झोलामा बोकेका पर्चा र घोषणापत्र बाँड्दै झापा निर्वाचन क्षेत्र नं १ का गाउँबस्तीमा मत मागिरहेका हिरण्यप्रसाद भट्टराई कोशी प्रदेशको १४ जिल्लाका प्रत्यक्षतर्फका उम्मेदवारमध्ये सबैभन्दा पाको उमेरको छन् ।

मेचीनगर-१ गाडागल्ली निवासी भट्टराई यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचनमा नेपाल किसान मजदुर पार्टीको उम्मेदवार छन् । उमेरले पाको भए पनि उनी मतदाताको घरआँगन डुलेर मत माग्दा पटक्कै थाकेको देखिँदैनन् ।

'मेचीनगर नगरपालिका क्षेत्रको २२ हजार मतदाता रहेको बाहुनडाँगीमा पैदलै घरदैलो गरिसकेको छु', चुनावी चटारो बताउँदै उनी भन्छन्, 'म उम्मेदवार भएको क्षेत्रमा दुई नगरपालिका र एक गाउँपालिकाका २१ वडा छन् । सबैतिर हिँडेर सम्भव नहुने भएकाले अबचाहिँ गाडी चढेर भोट माग्छु ।'

सेताम्य भइसकेका दाह्री र जुँघा र ठाडो चन्दन लगाएको हुलियाले मात्र होइन, स्वभाव र व्यवहारका दृष्टिले उनी आध्यात्मिक व्यक्तित्व छन् । धार्मिक र आयुर्वेद विज्ञानमा गहिरो अभिरुचि राख्दै आएका उनका जडीबुटी सम्बन्धी १४ पुस्तक प्रकाशित छन् ।

'नेपाली परम्परा र रीतिथितिको मौलिकताको जगेर्ना हुनुपर्छ भन्ने अभियानमा लाग्दै आएको थिएँ', उनले चुनावमा उम्मेदवार बन्नुको कारण सुनाउँदै भने, 'तपाईं जस्तो सामाजिक मान्छे चुनावमा उम्मेदवार बनेर संसदमा जानुपर्छ भनेर पार्टीबाट अनुरोध आयो । मैले नकार्न सकिन र उम्मेदवार बनें ।'

झापा-१ का एक लाख ३१ हजार ६७ मतदातासँग मत माग्दै यतिबेला भट्टराईसँगै १३ दलका र दुई स्वतन्त्र गरी १५ उम्मेदवार घरदैलोमा व्यस्त छन् । यस क्षेत्रमा मेचीनगर नगरपालिकाको १५ वडा, बुद्धशान्ति गाउँपालिकाको ४, ५, ६ र ७ तथा भद्रपुर नगरपालिकाको ९ र १० नम्बर वडासहित जम्मा २१ वडा छन् ।

पाको शरीरका कारण धेरै हिँडडुल गर्दा स्वास्थ्यमा समस्या हुने गरे पनि उनी उत्साहपूर्वक चुनावी प्रचारमा जुट्दै छन् । नयाँ जेन-जी मतदातादेखि वृद्धवृद्धाले मत दिने आश्वासन दिलाउने गर्दा पाको उमेर बिर्सिएर नयाँ जोश र जाँगर आउने गरेको उनी बताउँछन् ।

'बुढेसकालमा बा पनि उठ्नुभएछ, एउटा मत दिउँला भन्छन्, जेन-जी नानीबाबु घरदैलोमा जाँदा मतदातासँगको संवाद सम्झिँदै उनी भन्छन्, 'ज्येष्ठ नागरिक त झन् आफ्नै उमेरको हुनुहुँदोरहेछ भनेर जिताउने भन्नुहुन्छ । सबैले माया र विश्वास गरे भने चुनाव जित्छु होला ।'

चुनावमा जित हार जे भए पनि आफूले सांसद बन्ने चुनावमा उठेर लोकतान्त्रिक अभ्यास गरेको उनको धारणा छ ।

अधिकांश पाको उमेरको व्यक्तिहरू घरमै थन्किएर बसेको जनाउँदै उनले उम्मेदवार बनेर ज्येष्ठ नागरिकको हकहित र अधिकारको मुद्दा उठाएको बताए ।

झापाका पाँच निर्वाचन क्षेत्रमा प्रत्यक्षतर्फ ९० उम्मेदवार चुनावी मैदानमा छन् । उनीभन्दा पाको उमेरको उम्मेदवार अर्को छैन । उनी आफूलाई फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको प्रत्यक्षतर्फको देशभरकै उम्मेदवारमध्ये सबैभन्दा पाको भएको दाबी गर्छन् ।

निर्वाचन आयोगले प्रकाशित गरेको कोशी प्रदेशका १४ जिल्लाका उम्मेदवारको सूची हेर्दा उनी प्रदेशकै सबैभन्दा पाको उम्मेदवार देखिन्छन् ।

कोशी प्रदेशको दोस्रो पाको उम्मेदवारमा ओखलढुङ्गा निर्वाचन क्षेत्र नं १ का राष्ट्रिय जनमोर्चाका उम्मेदवार शेरबहादुर खत्री हुन् । खत्री ८० वर्षीय छन् । झापा-२ मा नेपाल जनमुक्ति पार्टीबाट उम्मेदवार बनेको मानवबहादुर पुलामी मगर पनि ७५ वर्षीय छन् । रासस

# बदर मत घटाउन सक्रिय सहजकर्ता

बागलुङ । यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गर्दै बागलुङमा मतदाता शिक्षा कार्यक्रम तीव्र पारिएको छ । यही फागुन ३ गतेदेखि थालिएको मतदाता शिक्षा कार्यक्रमले बदर मत घटाउन सघाउने अपेक्षा गरिएको छ ।

निर्वाचनका क्रममा बदर मतको सङ्ख्या न्यून बनाउने उद्देश्यसहित जिल्ला निर्वाचन कार्यालयले मतदाता शिक्षाका लागि वडा-वडामा कर्मचारी खटाइएको छ । खटाइएका सहजकर्ता अहिले टोल-टोलमा पुगेका छन् ।

जिल्ला निर्वाचन कार्यालयका प्रमुख यज्ञप्रसाद रिजालका अनुसार १० वटै स्थानीय तहमा ८५ वटै वडामा मतदाता शिक्षा कार्यक्रम एकसाथ थालिएको छ । मतदातालाई मतदान प्रक्रियाबारे स्पष्ट जानकारी दिनु, मतपत्र प्रयोग गर्ने सही तरिका बुझाउनु तथा मतदान गर्दा ध्यान दिनुपर्ने विषयमा सचेत गराउन मतदाता शिक्षा आवश्यक रहेको र त्यसका लागि नमूना मत चिह्नसहितको आवश्यक नमूना मतपत्रसहित वडा तहमा कर्मचारी खटाइएको छ ।

रिजालका अनुसार मतदाता शिक्षा कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन हुन सकेमा मतदातालाई मतदान गर्न सहज हुने र बदर मतको समस्या उल्लेखनीय रूपमा घट्ने विश्वास व्यक्त गरे ।

विशेषगरी नयाँ मतदाता, पहिलोपटक मतदान गर्ने युवा, ज्येष्ठ नागरिक तथा कम साक्षर मतदातालाई लक्षित गरी व्यावहारिक अभ्याससहित कार्यक्रम सञ्चालन गरिने छ । एक वडा एक सहजकर्ता खटाइएको छ । मतदातालाई मतदान प्रक्रियाको विषयमा जानकारी गराउँदै मतदाताहरूलाई दिएको शिक्षाको विषयमा आयोगमा जानकारी दिने काम भइरहेको बागलुङ नगरपालिका-१ का सहजकर्ता दुर्गा शर्माले जानकारी दिए । उनले अधिकांश जनतालाई मतदानको विषयमा जानकारी भएको र सिकाएको कुरा चासो दिएको बताए । कार्यक्रमअन्तर्गत मतपत्रमा सही चिह्न कसरी लगाउने, समानुपातिक र प्रत्यक्ष प्रणालीको भिन्नता, मतदान केन्द्रमा पालना गर्नुपर्ने आचारसंहिता तथा मतदानको गोपनीयतासम्बन्धी विषयमा जानकारी गराउँदै घर-घरमा हिँडेको शर्माको भनाइ छ । शर्मा जस्ता ८५ वडाका सहजकर्ताले फागुनको १७ गतेसम्म मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्नेछन् ।

जिल्ला निर्वाचन कार्यालयले सबै मतदातालाई मतदाता शिक्षा कार्यक्रममा सक्रिय सहभागिता जनाउन आग्रह गर्दै, निष्पक्ष, मर्यादित र सफल निर्वाचन सम्पन्न गर्न सामूहिक प्रयास आवश्यक रहेको जनाएको छ । ८५ वटा वडामा ८५ वटा मतदाता शिक्षा सहजकर्ता खटाएर फागुन ३ गते वडामा पठाइएको हो ।


## त्रिवेणी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

जुगार, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

### बोलपत्र / शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति: २०८२/११/१२ गते)

यस कार्यालयको मिति २०८२/०९/३० गते www.bolpatra.gov.np/egp तथा राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम देहायका कार्य गर्नको लागी रितपूर्वक दर्ता हुन आएका बोलपत्र/शिलबन्दी दरभाउपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्र/शिलबन्दी दरभाउपत्र न्यूनतम मुल्याङ्कन सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतको लागी छनौट गरिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो आशयको सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| क्र.सं. | ठेक्का नं. | ठेक्काको विवरण | सूचना प्रकाशित मिति | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | स्वीकृत रकम रू. (पि.एस. र भ्याट बाहेक) |
|---|---|---|---|---|---|
| 1. | TRM/ROLPA/ WORKS/ROAD/ NCB/12/082/083 | Jugar-Simpani-Nigalpani Road Blacktop, Triveni-04, Rolpa. | 2082/09/30 | M/S Susan Construction, Rolpa Municipality-04, Rolpa | 78,65,487.82 |
| 2. | TRM/ROLPA/ WORKS/BLD/ NCB/13/082/083 | Construction of RCC Building at Durgabhawani Basic School, Lamputali TRM 04, Rolpa. | 2082/09/30 | M/S Tek Chandra Construction, Rolpa Municipality-02, Rolpa | 19,56,174.20 |
| 3. | TRM/ROLPA/ WORKS/NCB/ 16/082/083 | Bhojebang Ghartibang Lamputali Rural Road Restoration, TRM-04, Rolpa. | 2082/09/30 | M/S Susan Construction, Rolpa Municipality-04, Rolpa | 34,67,056.95 |
| 4 | TRM/ROLPA/ WORKS/ROAD/ SQ/15/082/083 | Sahidmarg Triveni Kapching Bhalajung Sadak Upgrading, TRM-02, Rolpa. | 2082/09/30 | M/S Jayashree Tirupati Construction Pvt.Ltd, Madhyapur Thimi-01 Bhaktpur | 8,24,797.01 |

प्रमुख प्रशासकीय अधिकृत


# वन्यजन्तु आतङ्क नियन्त्रणमा प्रतिबद्धता जनाउने उम्मेदवार खोज्दै मध्यवर्ती क्षेत्रका बासिन्दा




कञ्चनपुर । शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा बसोबास गर्ने बासिन्दा वन्यजन्तु आतङ्क न्यूनीकरणलाई मुख्य मुद्दा बनाउने उम्मेदवारको खोजी गरिरहेका छन् ।

निकुञ्जबाट बस्ती र खेतीयोग्य जमिनतर्फ छिर्ने बदेल, निलगाई, चितल र हात्तीले बर्सेनि बालीनालीमा व्यापक क्षति पुर्‍याउने गरेका छन् । बाघ र चितुवाले गोठबाटै गाई, भैंसी र बाख्रा तानेर मार्ने घटना दोहोरिँदै आएको स्थानीयको गुनासो छ ।

मध्यवर्ती क्षेत्रअन्तर्गत पर्ने पिपलाडीका ६५ वर्षीय गङ्गाराम डगौराले बालीनाली जोगाउन बलिया मचान, विद्युतीय मेसवायर, सोलार बत्ती तथा टर्चलाइटको व्यवस्था अत्यावश्यक रहेको बताए । 'निकुञ्ज नजिकैको बस्ती भएकाले जङ्गली जनावरले केही बाँकी राख्दैनन्, मचानबाट निगरानी गरी भगाउन सकिन्छ तर संरचना छैन, पैदल खेतमा जाँदा आक्रमणको उच्च जोखिम हुन्छ', उनले भने, 'वर्षौंदेखि माग राख्दासमेत सुनुवाइ हुन सकेको छैन, त्यसको सुनावाइ गरी कार्य गर्ने उम्मेवार चाहिएको छ ।'

खजुवाका ६० वर्षीय किडे धानुकका अनुसार जडान गरिएको मेसवायर वर्ष दिन नपुग्दै हात्ती र वर्षाले भत्काएको छ । 'कतै हात्तीले ढालेको छ, कतै बाढीले बगाएको छ, मर्मत हुन सकेको छैन', उनले भने । बलियो विद्युतीय तारबार, स्याली नदीमा तटबन्ध, कालोपत्रे सडक र सिँचाइको व्यवस्था प्रमुख माग रहेको उनले बताए । खजुवा क्षेत्रमा मात्रै ६० भन्दा बढी परिवार बसोबास गर्दै आएका छन् ।

जोनापुरका महेश महराले वन्यजन्तु प्रवेश गर्ने संवेदनशील स्थानमा प्रभावकारी मेसवायर जडान, सडक पूर्वाधार सुधार र नदी नियन्त्रणमा प्रतिबद्ध उम्मेदवारलाई मात्रै मत दिने धारणा व्यक्त गरे । 'महिना दिन अघि मात्रै छिमेकीले कर्जा गरेर ल्याएका दुई उन्नत गाई बाघले गोठबाटै घिसारेर मारेको छ, क्षतिपूर्ति पाउन सकेका छैनौँ', उनले भने । हात्तीले पाक्दै गरेको धान, गहुँ र उखु सखाप पार्ने गरेको उनको भनाइ छ ।

मध्यवर्ती क्षेत्रअर्न्तगत २४३ दशमलव पाँच वर्ग किलोमिटर पर्दछ । उक्त क्षेत्रमा पाँच नगरपालिका र दुई गाउँपालिकाका ४८ वटा वडा पर्दछन् । मध्यवर्ती क्षेत्रमा ३८ उपभोक्ता समिति गठन भएका छन् । उपभोक्ता समितिमार्फत मध्यवर्ती क्षेत्रमाका वन्जयजन्तु पीडित बासिन्दालाई राहत, क्षतिपूर्तिका कार्यक्रमसहित मेसवायर, सुधारिएको चुलो, बत्ती जडानलगायत कार्य हुँदै आएका छन् ।

व्यवस्थापन समितिमार्फत जैविक विविधता संरक्षण, सामुदायिक विकास, आयआर्जन तथा मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका कार्यक्रम सञ्चालन हुँदै आएको निकुञ्ज प्रशासनको भनाइ रहेको छ ।

यद्यपि स्थानीय बासिन्दाले ती प्रयास पर्याप्त नभएको भन्दै दीर्घकालीन र भरपर्दो योजना अघि सार्ने उम्मेदवारको अपेक्षा गरेका छन् । 'वन्यजन्तु आतङ्क नियन्त्रण, क्षतिपूर्ति प्रणाली सरल र प्रभावकारी बनाउने तथा आधारभूत पूर्वाधार विकास गर्ने स्पष्ट प्रतिबद्धता चाहिन्छ,' स्थानीयको सामूहिक माग छ ।


## नमोबुद्ध नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेसी, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति : २०८२/११/१२

यस नमोबुद्ध नगरपालिकाबाट मिति २०८२/१०/०२ गतेको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार पेश हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्र न्यूनतम मुल्याङ्कित एवं सारभुत रुपमा प्रभावग्राही देखिई स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनको लागि सम्बन्धित सबैको जानकारीका निम्ति यो आशयको सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| सि. नं. | बोलपत्र नं. | योजनाको नाम | बोलपत्रदाताको नाम र ठेगाना | कवोल अंक (भ्याट बाहेक) |
|---|---|---|---|---|
| 1. | NMUN/NCB/ Works/08/082/83 | Upgrading of Thulo Bhalukharka Sadak Namobuddha- 11 | Khumhwa Costruction, Roshi -01, Kavrepalanchowk | NRs. 26,69,900.00 |
| 2. | NMUN/NCB/ Works /09/082/83 | Upgrading of Darimbot Pipaltar Sadak Namobuddha-08 | Sarokar Nirman Sewa, Methinkot-08, Kavrepalanchowk | NRs. 20,85,191.00 |
| 3. | NMUN/NCB/ Works /10/082/83 | Upgrading of Jamdartol Ratamate Sadak Namobuddha-06 | N S Construction, Dhulikhel | NRs. 49,84,658.00 |

प्रमुख प्रशासकीय अधिकृत


## उपचारका लागि..

त्यहीँ उपचार गराउने इच्छा रहेको उनले स्पष्ट पारेकी छन्। क्लबले बीमाबाट प्राप्त रकम उपलब्ध गराउने भए पनि शल्यक्रिया र करिब ७-८ महिना लामो पुनर्स्थापनाका लागि उक्त रकम अपुग हुने बताइएको छ। प्रारम्भिक अनुमानअनुसार उपचारमा करिब ८० हजार अमेरिकी डलर खर्च लाग्नेछ।सरकारसमक्ष पनि उपचार सहयोगका लागि पहल भएको भए पनि प्रक्रिया अपेक्षाअनुसार अघि नबढ्दा शल्यक्रिया नगरी बस्ने विकल्प नभएको उनले बताएकी छन्। आफ्नो करियरमा सधैं कठिनाइ सामना गरेको स्मरण गर्दै उनले यसपटक पनि समर्थकको साथ आवश्यक परेको उल्लेख गरेकी छन्। साम्बाले आफूले देशका लागि सधैं शतप्रतिशत योगदान दिएको र भविष्यमा पनि नेपालकै जर्सी लगाएर मैदान फर्कने प्रतिबद्धता दोहोर्‍याएकी छन्। इजरायल, फ्रान्स, न्युजिल्यान्ड र अष्ट्रेलियामा खेल्दा समेत राष्ट्रकै पहिचान बोकेको महसुस गरेको उल्लेख गर्दै उनले आर्थिक रूपमा अहिलेसम्म नआर्जेको ठूलो रकम उपचारका लागि आवश्यक परेको कारण आम समर्थकसँग सहयोगको याचना गरेको बताएकी छन्। "थाकेको हो, हारेको छैन," भन्दै उनले पुनः एकपटक नेपालको जर्सी लगाएर मैदान फर्कने अठोट व्यक्त गरेकी छन्।

## बसभित्र..

पोखराबाट काठमाडौं आउँदै गरेको माछापुच्छे टुर्स एन्ड ट्राभल्सको ग २ ख १४२१ नम्बरको बस धादिङमा दुर्घटना हुँदा १९ जनाको मृत्यु भएको छ। मृतकको शव धादिङ अस्पताल र गजुरी स्वास्थ्य केन्द्रमा परीक्षणका लागि राखिएको छ। दुर्घटनामा ज्यान गुमाएकामध्ये ९ जनाको सनाखत भएको छ। एक जना २४ वर्षीय बेलायती नागरिक स्टिवर्ट डोमिनिक इथनको मृत्यु भएको छ।

पोखराका ४० वर्षीय विवेक बास्तोला, स्याङ्जाका ६३ वर्षीय चन्द्रबहादुर कुँवर, तनहुँका ४० वर्षीय ओमकुमार मल्ल, धादिङका ३० वर्षीय इन्जिनियर ठकुरी, तनहुँकी ५५ वर्षीया विष्णुमाया ढकाल, काठमाडौंका ४२ वर्षीय लोप्साङ गोले, तनहुँका ४५ वर्षीय हरिप्रसाद सिग्देल र पाल्पाका ५५ वर्षीय नविन्द्र श्रेष्ठको मृत्यु भएको हो। अन्य मृतकको पहिचान खुलिसकेको छैन। मृत्यु हुने एक जनाको दाहिने हातको नाडीमा रोहित लेखिएको र अर्काको नाडीमा चमेरो र गितारको ट्याटु भएका व्यक्ति छन्। दुर्घटनामा घाइते भएका १४ जनाको काठमाडौंस्थित राष्ट्रिय ट्रमा सेन्टरमा उपचार भइरहेको छ। १० जनको कलंकीस्थित नेसनल मेडिकल कलेज र एक जना न्यूजिल्यान्डकी मेरी इभाडेको टिचिङ अस्पतालमा उपचार भइरहेको छ। (राससको सहयोगमा)


## प्रदेश खेलकुद विकास परिषद्

बागमती प्रदेश, हेटौडा

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति:२०८२/११/१२

यस कार्यालयबाट मिति २०८२/०९/२१ मा आव्हान गरिएको तपशिल बमोजिमको बोलपत्रको लागि सूचना अनुसार दर्ता हुन आएका बोल्पत्रहरु मध्य तपशिल बमोजिमको बोलपत्र न्युनतम सारभुत रुपमा प्रभावग्राही देखिएकोले बोलपत्र स्वीकृतिको लागि सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७ को उपदफा २ र ३ र सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागी यो सूचना प्रकाशन गरिएको छ ।

| ठेक्का नं. | कार्यको विवरण | बोल्पत्रदाताको नाम/ठेगाना | बोल्पत्रदाताको कबोल (मु.अ.क. सहित) |
|---|---|---|---|
| PSDC/NCB/ WORKS/ NCB/01/2082/083 | Construction of Panesh Khelmaidan Hetauda-15, Makawanpur | श्री प्राची कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. जनकपुरधाम-२३, धनुषा | ३१,०५,१५९.५९/- |

सदस्य सचिव